# कक्षाकोठा जोखिम म्यापिङ

परिचय: तपाईं बस्नुभएको ठाउँमा कस्ता खतराहरु हुन्छन् भनी सोच्नुहोस्। यदि तपाईं विद्यालयमा हुँदा कुनै जोखिम आइपर्यो भने, त्यो अवस्थामा तपाइँलाई तपाइँको विद्यालयमा कस्तो असर पर्छ भन्ने बारे कुनै विचार छ? जोखिम नक्सा बनाएर, तपाईं र तपाईंका सहपाठीहरूलाई सुरक्षित बनाउन मद्दतको लागि के-के साधारण परिवर्तनहरू गर्न सकिन्छ भनेर पहिचान गर्न सक्नुहुन्छ।

## आपतकालीन योजना

### समय

1 घण्टा

### कठिनाई

सजिलो

### मानव संसाधन:

ठुलो कागज, रङ्गीन मार्करहरु

**चरण १**

- तपाईंको समूहमा, तपाईं बस्नुभएको ठाउँमा के-कस्ता खतराहरु हुन्छन् भनी छलफल गर्नुहोस्। त्यसपछि, तपाइँले पहिचान गर्नुभएका जोखिमहरुमध्ये बढी हुने सम्भावना भएका खतराहरुको स्तर निर्धारण गर्नुहोस्।

**चरण २**

- आफ्नो कक्षाको विस्तृत रुपरेखा कोर्नका लागि आफ्नो समूहमा कसैलाई छान्नुहोस्।

**चरण ३**

- तपाईंले पहिचान गर्नुभएका जोखिमहरु हेर्नुहोस् र तपाईंको कक्षाकोठाका कुन-कुन क्षेत्रहरु तपाईंले छानेका जोखिमबाट प्रभावित हुन सक्छन् (जस्तै, भूकम्पमा बुककेस खस्ने) तपाईंको नक्सामा पहिचान गर्नुहोस्।

**चरण ४**

- तपाईंले छानेका जोखिमहरु भएमा सबैलाई सुरक्षित राख्नका लागि तपाइँको कक्षाकोठामा के परिवर्तनहरू गर्नुपर्छ भनेर छलफल गर्नुहोस्।

